अन्नपूर्ण ०६१/०३/१८



# अन्तर्राष्ट्रिय फौजदारी अदालतमा प्रवेश जरुरी

अन्नपूर्ण समाचारदाता

**काठमाडौं**, १७ असार : मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वको आडमा क्रूर र अमानवीय अपराध गर्ने व्यक्तिलाई सजाय दिलाउन नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा प्रवेश गर्नुपर्ने मानवअधिकारकर्मीहरूले बताएका छन्।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना दिवसका अवसरमा बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमका सहभागी वक्ताहरूले हिंसात्मक द्वन्द्वका आडमा यातना दिने माओवादी वा सुरक्षाकर्मीको कार्यलाई कानुनले स्पष्ट रूपमा अपराध घोषणा नगरेकै कारण अन्तर्राष्ट्रिय फौजदारी अदालतमा प्रवेश गरेमा त्यस्ता अपराधीलाई दण्ड दिन सकिने बताएका हुन्।

अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने रोम अभिसन्धिमा हस्ताक्षर गर्ने राष्ट्रमा जातिहत्या, युद्ध अपराध, मानवताविरुद्धको अपराध गर्ने व्यक्तिलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले जुनसकै बेला पनि कारबाही चलाई सजाय गर्न सक्छ। इटलीको रोममा सन् १९९८ को १७ जुलाइमा एक सय २० राष्ट्रहरूको सम्मेलनले अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्नेसम्बन्धी प्रस्ताव पारित गरेको थियो। ९४ सदस्य रहेको यस अदालतमा अहिलेसम्म कुनै पनि दक्षिण एसियाली राष्ट्र सदस्य बनेका छैनन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र संवैधानिक कानुन व्यवसायी मञ्चको संयुक्त आयोजनामा भएको कार्यक्रममा दण्डहिनताको वर्तमान अवस्था पनि समाप्त भई मानवअधिकार संरक्षणको पक्षमा ठूलो मद्दत हुने बताउँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले भन्नुभयो, अन्तर्राष्ट्रिय फौजदारी अदालतमा प्रवेश गर्न सकिए अन्तर्राष्ट्रिय स्तरमा मुलुकको छुट्टै पहिचान र न्यायको विकास हुन्छ।

उहाँले फौजदारी अदालतमा प्रवेश गर्नेसम्बन्धी पूर्वसरकारका पदाधिकारीहरूले आश्वासन दिँदै आएको भए पनि अहिलेसम्म कार्यान्वयन हुन नसकेको बताउनुभयो।

नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले कानुनको शासनलाई नै प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको धारणा अगाडि आएकाले पनि सरकारले यसलाई अनुमोदन गर्नै पर्ने बताउनुभयो। सैनिक अदालतको निर्णय हेर्ने सर्वोच्च अदालतको क्षेत्राधिकार नहुने भनी सेनाले हालै पठाएको पत्रप्रति कडा शब्दमा आलोचना गर्दै अध्यक्ष थापाले भन्नुभयो, अदालतको क्षेत्राधिकारको व्याख्या सेनाले होइन सर्वोच अदालतले गर्छ।

संवैधानिक कानुन व्यवसायी मञ्चका अध्यक्ष भीमार्जुन आचार्यले द्वन्द्वको नाममा हजारौं व्यक्तिलाई मार्ने र क्रूर यातना दिने कार्य भइरहेकाले उक्त अदालतमा प्रवेश गर्नु जरुरी भइसकेको बताउनुभयो। संयुक्त राष्ट्रसंघले पारित गरेका मानवअधिकारसम्बन्धी महत्त्वपूर्ण सन्धिमा हस्ताक्षर गरिसकेको परिप्रेक्ष्यमा उक्त अभिसन्धि पनि अनुमोदन गर्नुपर्छ, उहाँले भन्नुभयो, अन्तर्राष्ट्रिय फौजदारी अदालतमा प्रवेशपछि वर्तमान कानुनी प्रणाली र अदालती प्रक्रिया पनि प्रभावकारी हुनेछन्।